# फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थोक्लिम्बा पाँचथर १ नं. प्रदेश नेपाल कार्यलय नं ०२१६९६४९०

पत्र संख्या :२०७६/०७७ मिति:२०७६।०७।२८

चलानी नम्बर : ४८६

श्री सरोकारवाला (सम्पुर्ण)
फालेलुङ गाउँपालिका

विषय : कम्वाइन्ड मिल वितरणका लागि आह्वान गरिएको सुचना ।

प्रस्तुत विषयमा यस फालेलुङ गाउँपालिकाको बार्षिक विकास कार्यक्रम अन्तर्गत वडा नं ५ को बजेट सिमा भित्र रही वडा कार्यालयद्धारा पेश गरिएको बजेट विवरण अनुसार ५ नं. वार्ड क्षेत्र भित्रका कृषकहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले कम्वाइन्डमिल/ग्रेन्ड मिल खरिद तथा ढुवानीका लागि कृषकहरुको समेत लागत सहभागितामा विनियोजन भएको बजेट कार्यान्वयन गर्नका लागि मिति ०७६।०७।२५ गते भएको कार्यलायको निर्णयानुसार तपशील अनुसारका कागजात लिई गाउँपालिकाको कृषि विकास शाखामा यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति ०७६ मंसिर १२ गते कार्यालय समय भित्र) निवेदन दर्ता गराउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

१. कृषकको निवेदन,
२. कृषक समूहले खरिद गर्ने भए कृषक समुहको निर्णय,
३. व्यक्तिले खरिद गर्ने भए कृषक समुहबाट उक्त व्यक्ति सिफारिस गरिएको निर्णय ,
४. छनौट भएको व्यक्तिको नागरिकता र जग्गाधनि पुर्जाको प्रतिलिपि,
५. लागत सहभागिता वापतको रकम रु ११,२५०। रुपैंया गाउँपालिकाको प्राइम कमर्सीयल बैङ्क लि.फालेलुङ शाखाको धरौटी खाता ०७३०००९१ सि.ए.मा जम्मा गरेको सक्कलै भौचर ।
६. वडा कार्यालयको सिफारिस ,
७. कृषि सहकारीले खरिद गर्ने भए उक्त सहकारी संस्थाको सञ्चालक समितिको बैठकको निर्णयको प्रतिलिपि र आर्थिक वर्ष ०७५।०७६को बार्षिक लेखा परीक्षण प्रतिवेदन ।

मौसम ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

१. श्री ५ वडा कार्यालय ( तोकिएको समय भित्र निवेदन दर्तागर्ने प्रयोजनका लागि आवश्यक सहजीकरण एवं प्रचार प्रसार गर्नु हुन साथै वडा कार्यालयको सुचना पाटीमा सुचना टाँस गर्नु हुन )
२. श्री सुचना प्रविधि अधिकृत ( वेवसाइट तथा फेसवुक पेजमा अपलोड गर्नु हुन )